मधेश प्रदेश सरकार
भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

गौर, रौतहट

Email: dadorautahat@gmail.com
Website: ackrautahat.p2.gov.np
Phone: 055-520001, 055-521519
FB: facebook.com/akc.rautahat

## दररेट पेश गर्ने सम्बन्धि सूचना।

**प्रथम पटक सूचना प्रकाशन मिति : २०७९/१२/०१**

प्रस्तुत विषयमा कृषि ज्ञान केन्द्र गौर, रौतहटको चालू आ.व. २०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रम यस जिल्लाका लाभग्राहीहरुका लागि ५० प्रतिशत अनुदानमा कृषि यन्त्र उपकरण सहयोग कार्यक्रम संचालन गर्नुपर्ने भएको हुनाले यस केन्द्रबाट उपलब्ध हुने फर्मेट बमोजिमको प्राविधिक विशिष्टीकरण (Technical Specification) भएको कृषि यन्त्र, उपकरण, औजार तथा मेशिनरीहरुको प्रति इकाई दररेट आवश्यक परेको हुनाले तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रही उक्त कृषि यन्त्र, उपकरण, औजार तथा मेशिनरीहरु आपूर्ति गर्न योग्य र ईच्छुक उत्पादक/कम्पनी, आधिकारीक बिक्रेता वा आपूर्तिकर्ताहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन (२०७९/१२/१५ गते वा उक्त दिनमा सार्वजनिक विदा पर्न गएको हकमा सोको भोलि पल्टको दिनमा) दिउँसो २ बजे भित्र यस सूचनामा उल्लेखित सम्पूर्ण आवश्यक कागजातहरु संलग्न राखी स्वयम वा प्रतिनिधी मार्फत यस केन्द्रमा उपस्थिति भई सिलबन्दी दररेट पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**दररेट पेश गर्दा अनिवार्य पेश गर्नु पर्ने कागजातहरु :**

१. दररेट पेश गरिएको भनी रु.१० को टिकट टाँस गरी पेश गरिएको निवेदन।
२. फर्म दर्ता प्रमाणपत्र, PAN/VAT दर्ता प्रमाणपत्र र आ.व.२०७८/७९ को कर चुक्ता गरेको प्रमाण प्रतिलिपी।
३. कारोवार गर्नका लागि प्रदान गरिएको ईजाजत पत्रको प्रतिलिपी।
४. कालो सुचीमा नरहेको स्व-घोषणा पत्र।
५. सरकारी कार्यालयमा समान प्रकृतिको काम गरेको भएमा सो सम्बन्धि प्रमाण पत्रको प्रतिलिपी।

**तपसिल :**

१. आपूर्तिकर्ताले दररेट पेश गरेको कृषि यन्त्र, उपकरण, औजार तथा मेशिनरीहरुको क्याटलगहरुको फोटोकपी तथा यस केन्द्रमा तयार पारेको ढाँचा, फर्मेटमा अधिकारिक इन्जिनियरबाट प्राविधिक स्पेशिफिकेशन सहितको दररेट तयार गरी /गराई अनिवार्य रुपमा सिलबन्दी पेश गर्नुपर्ने छ।
२. यस सूचनामा उल्लेख भए बमोजिम अनिवार्य पेश गर्नुपर्ने कागजात संलग्न नभएमा वा दररेट सम्बन्धि विवरण अपूर्ण भएमा वा रित नपुगेको वा म्याद नाघी प्राप्त भएको दररेट प्रस्तावहरु मुल्यांकन प्रक्रियामा समावेश गरिने छैन।
३. सिलबन्दी दररेट पेश गर्दा खाममा सम्बन्धित आपूर्तिकर्ताको नाम, ठेगाना, ईमेल तथा सम्पर्क नम्बर अनिवार्य रुपमा उल्लेख भएको हुनु पर्ने छ।
४. दररेट स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार यस केन्द्रमा सुरक्षित रहनेछ।
५. दररेट प्रस्ताव गरिएको कृषि यन्त्र, उपकरण तथा मेशिनरीहरुमा मु.अ.क. लाग्ने वा नलाग्ने सोको विवरण साथै मु.अ.क.बाहेकको दररेट पेश गर्नुपर्ने छ।
६. आर्थिक प्रस्तावको प्रत्येक पानामा संस्थाको सहि छाप भएको हुनु पर्नेछ।
७. कम्तिमा बिगत ३ आ.व. देखि कृषि यन्त्र उपकरण खरिद बिक्रि गर्दै आएको हुनुपर्ने।
८. सम्बन्धित उत्पादक कम्पनीले निज आपुर्तिकर्तालाई खरीद बिक्रि गर्ने अधिकारिक बिक्रेताको अनुमति पत्र पेश गर्नु पर्ने छ ।
९. अपुर्तिकर्ताले उपलब्ध हुन् सक्ने कृषि यन्त्र उपकरणको performance report सहित कृषकलाई हस्तान्तरण गर्नुपर्ने छ।
१०. आपुर्तिकर्ताले कृषि यन्त्र, उपकरण, औजार तथा मेशिनरीहरुको दररेट पेश गर्दा यस केन्द्रमा पुर्याउने सहितको दररेट पेश गर्नुपर्नेछ।
११. कृषि यन्त्र उपकरणको परिमाण यस केन्द्रको बजेट र किसानको मागमा निहित हुने छ।
१२. यस सूचनामा उल्लेख गर्न छुट भएको अन्य शर्त/व्यहोराहरु सार्वजनिक खरिद, २०६३ , सार्वजनिक खरिद नियमावली, २०६४ र अन्य प्रचलित कानुन अनुसार हुनेछ।

..............................

कमलदेव प्रसाद कुशवाहा
कार्यालय प्रमुख